# श्री सर्वोच्च अदालतमा चढाएको
## निवेदन–पत्र

**विषय:- नेपालको संविधानको धारा ४६/१३३ बमोजिम परमादेशको आदेश जारी गरी पाऊँ ।**

जिल्ला भक्तपुर चाँगुनारायण न.पा. वडा नं.२ मा मुख्य कार्यालय रहेको शिखर ल एशोसियटस् प्रा.लि. का प्रमुख जिल्ला भक्तपुर चाँगुनारायण न.पा. वडा नं.२ बस्ने अधिवक्ता अनिल आचार्य(प्र.प.नं.१६३२६).......................................१
काठमाण्डौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. ८ बस्ने अधिवक्ता राधिका खतिवडा (प्रपनं.१५२८४).......................................१
जुन प्रसाद उपाध्यायको छोरा जुम्ला जिल्ला साविक कुडारी गा.वि.स. वडा नं. ६ हाल परिवर्तित तिला गा.पा. वडा नं.४ बस्ने नन्दराज उपाध्याय.......................................१
समेत जना ३ को वारेस जिल्ला सिन्धुपाल्चोक साविक जलबिरे गा.वि.स. वडा न.९ हाल परिवर्तित बलेफी गा.पा. वडा नं. १ बस्ने वर्ष ४१ को श्याम बहादुर ढकाल (मो.न.९८५१२७४४९३).......................................१

} निवेदक

**बिरुद्ध:-**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौ.......................................१
अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौ.......................................१
सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौ.......................................१
माननीय अर्थ मन्त्री श्री डा. प्रकाश शरण महत, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौ..१
संघीय संसद सचिवालय, काठमाण्डौ.......................................१
सम्माननीय सभामुख श्री देवराज घिमिरे, प्रतिनिधि सभा काठमाण्डौ.......................................१
सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना, राष्ट्रिय सभा, काठमाण्डौ.......................................१

} प्रत्यर्थी

मस्यौदा गर्ने अधिवक्ता अनिल आचार्य प.प.नं.१६३२६

## मुद्दा ः उत्प्रेषणयुक्त परमादेश ।

हामी निवेदकहरु सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(क)(ख), ४०, ४१, ४२, ४९ बमोजिम लाग्ने दस्तुर यसै साथ राखी निम्नलिखित व्यहोराको निवदन गर्दछौ ।

१. हामी निवेदकहरु आफ्नो राष्ट्र, राष्ट्रियता र संविधानवाद प्रति सचेत नेपाली नागरिक हुनुका साथै कानून व्यवसायी तथा कानूनको क्षेत्रमा चासो राख्ने नेपाली नागरिक भएकोले यसमा हाम्रो सार्थक सम्वन्ध रहेको र यसले हामीलाई तात्विक असर पार्ने भएकोले हकदैया समेत रहेको छ । यस विषयमा अन्य प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था रहेको छैन । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(ख) बमोजिम यस विषयमा यस अघि सम्मानित अदालतमा उपचार खोजेका छैनौ ।

२. हामी निवेदकहरु देशको सामाजिक न्याय, अन्तराष्ट्रिय कानून तथा नागरिकको अधिकार अन्तर्गत नेपाल सरकारले पुरा गर्नु पर्ने दायित्व प्रति राज्यको ध्यान आकृष्ट गराउनुका साथै संबिधान प्रदत्त नेपाली नागरिकका मौलिक हकहरु निशर्त कार्यान्वियन गर्नको लागि समेत राज्यलाई झकझकाउदै आएका छौ । जनताप्रति उत्तरदायी सरकारले गर्ने हरेक कार्यहरु जनताको भावनालाई समेट्ने प्रकृतिको हुन आवश्यक हुन्छ । सरकारले बहुसंख्यक जनताबाट अस्वीकृत कार्यक्रमहरु हटाउनुका साथै बहुसंख्यक जनताबाट माग भए बमोजिमका नयाँ कार्यक्रमहरु थप गर्दै जानु पर्दछ । तर यस आ.व.२०८०/८१ को बजेट वक्तव्य मितिः२०८०/०२/१५ गते संघिय संसदमा प्रस्तुत भई मितिः२०८०/०३/१३ गते संघिय संसद वाट पारित भई मितिः२०८०/०३/३१ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल बाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको बजेटमा ब्यवस्था गरिएका शिर्षकहरु परम्परा धान्ने प्रकृतिको रहेता पनि बुदा नं.४४५ मा संसदिय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको व्यवस्था गरिएको छ । जुन कार्यक्रम उद्देश्य बिहिन भई बिगतका वर्षहरुमा बहुसंख्यक जनताबाट निकै आलोचित भए पश्चात उक्त कार्यक्रम वार्षिक बजेटबाट हटाईएको थियो । विगतका वर्षहरुमा महालेखा परीक्षकको कार्यलयको प्रतिवेदन अनुसार सबैभन्दा बढी बेरुजु रहेको भन्ने तथ्याङ्क समेत सांसद विकास कोषकै रहेको थियो । जुन बिषय राष्ट्रिय संञ्चार माध्यममा प्राथमिकताका साथ प्रकाशन समेत भएको थियो। हामी जनताको करबाट बन्ने बजेटमा जनताका आवश्यक्ता अनुसार बजेट बन्नु पर्छ नकी सांसदको निजी चाहाना र ब्यक्तिगत प्राथमिकताको आधारमा जनताले तिरेको करको दुरुपयोग गर्न पाईदैन । जनताले तिरेको कर कहाँ प्रयोग हुँदैछ भन्ने कुरा

जनतालाई सूचना हुनुपर्दछ । जनता र संघीय संसदलाइ कहाँ के प्रयोजनको लागि उक्त रु.५ करोड खर्च हुन्छ भन्ने सूचना दिईदैन त्यसैले उक्त कार्यले नेपालको संविधानको धारा २७ बाट जनतालाई बन्चित गरिदिन्छ, त्यसैले सांसद बिकास कोषको पैसा कहाँ र के प्रयोजनको लागि परिचालन हुन्छ भन्ने कुरा संघीय संसदलाई पनि थाहा हुँदैन । आज सम्मको अभ्यास हेर्दा सो रकम कार्यकर्तालाई बाँड्ने, सांसदको निजी हित र रुचिमा प्रयोग गरिँदै आएकोले जनताको कर तिरेको पैसा दुरुपयोग हुने भएकोले सो रकम बितरण हुनबाट रोकियोस भनी निवेदन गर्दछौ ।

३. प्रस्तुत आ.व.२०८०/८१ को बजेट वक्तव्यको बुदा नं.४४५ मा निर्वाचन क्षेत्रका जनताले अपेक्षा गरेका विकास निर्माणका स्थानीय आवश्यकताहरु जनप्रतिनिधि मार्फत संवोधन गर्न प्रत्यक निर्वाचन क्षेत्रका प्रत्यक्ष निर्वाचित सांसदहरुका लागि रु.५,००,००,०००।- (अक्षरुपी पाँच करोड मात्र) बिनियोजन गर्ने गरी संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम प्रस्ताव गरेको छु । यस कार्यक्रम अन्तर्गत एउटा आयोजनामा न्यूनतम रु.१ करोड विनियोजन हुने गरी सडक, सिचाई, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुद लगायत भौतिक पूर्वाधार निर्माणका आयोजना तथा कार्यक्रम छनौट गरिनेछ । यस कार्यक्रमका लागि रु.८ अर्व २५ करोड बिनियोजन गरेको छु भनिएको छ । जुन संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममा खर्च गर्ने भनी बजेट शिर्षक छुट्टाईएको छ, उक्त शिर्षकहरु बजेट वक्तब्यकै अन्य बुदाहरुमा बिस्तृत रुपमा ब्याख्या गरिनुका साथै रकम समेत बिनियोजन गरिएकोले पुनः सोही शिर्षकमा कार्यविधि समेत नबनाई देशको कानुन निर्माण गर्नको लागि जनताले निर्वाचित गरेर पठाएका संघीय संसदलाई आफ्नो मनोमानी रुपमा खर्च गर्न पाउने गरी बिनियोजन गरिएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम बहुसंख्यक जनताबाट यस अघि नै अस्वीकृत भई सकेकोमा पुनः सोही कार्यक्रमलाई निरन्तरता दिई राष्ट्रको ठूलो धनरासी दुरुपयोग हुने प्रवल संम्भावना देखिएकोले उक्त कार्यक्रमलाई बदर गरी पाउन सम्मानित अदालतको शरणमा आएका छौ ।

४. नेपालको संविधानले संघीय कार्यपालिका, संघीय व्यवस्थापिका र न्यायपालिकालाई तीन स्वतन्त्र अङ्गको रुपमा ब्याख्या गरेको छ । यि तीन स्वतन्त्र क्षेत्राधिकार भएका अङ्गको कार्यक्षेत्र समेत स्पष्टरुपमा ब्याख्या गरेको छ । नेपालको संविधानको भाग ७ को धारा ७५. कार्यकारिणी अधिकारः (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र

CamScanner

कानून बमोजिम मन्त्री परिषदमा निहित हुनेछ । (२) यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्री परिषदमा हुनेछ । (३) नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुनेछ । (४) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक ब्यवस्था रहेकोछ । त्यसैगरी संविधानको भाग ८ मा संघीय व्यवस्थापिका सम्बन्धी ब्यवस्था गरिएको छ । सांसदहरुको मुल काम भनेको बिधायीकी (कानुन निर्माण) हो । त्यसैले सांसदहरुलाई बिधायक पनि भनिन्छ । विकास निर्माणको कामको प्रत्यक्ष जिम्मेवारी स्थानीय, प्रदेश र केन्द्रको कार्यकारी (सरकार) को हो । सांसदहरुले योजना निर्माण, बजेट बिनियोजनमा सघाउनु पर्छ, अनुगमन गर्नुपर्छ, उचित कानून, नीति बनाउनुपर्छ । तर, कानून र नीति निर्माणको काम मुलतः कर्मचारीको जिम्मामा छोडेर विकास निर्माण भनेर दौडिने अभ्यासले हामीलाई मुल जिम्मेवारीबाट टाढा पुर्याउछ र पाँच करोड, पाँच करोड भन्दै बिक्षिप्त हुन्छौं । हाम्रो यही गलत अभ्यासले कैयौँ कानूनी र नीतिगत कठीनाइका कारण मानवीय र भौतिक विकासमा सोचे जस्तो गति लिन सकेका छैनौं । तसर्थ, सांसदहरु आफैंले भन्नुपर्छ हाम्रो मुल काम बिधायीकी हो, विकास बजेट हाम्रो हातमा चाहिदैन । तसर्थ संघीय ब्यवस्थापिका लाई कानून निर्माणको अख्तियारी दिईएको छ, विकास निर्माणको होईन । संविधानको धारा १०९ संघीय संसदको व्यवस्थापकीय अधिकारः- संघीय संसदको व्यवस्थापकीय अधिकार अनुसूचीः-५, अनुसूचीः- ७ र अनुसूचीः- ९ बमोजिमको सूचिमा उल्लेख भए बमोजिम हुनेछ भनिएको छ । तर नेपालको संविधानको धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार, धारा २२१ ले स्थानीय तहको व्यवस्थापकीय अधिकार र धारा २२६ ले स्थानीय तहको कानून बनाउन सक्ने अधिकार स्थानीय पालिकालाई दिईएको छ । संविधानतः स्थानीय पालिकाका अध्यक्षहरु तथा वडा अध्यक्षहरुलाई विकास निर्माणको कार्यान्वयन गराउने निकायको रुपमा संवैधानिक व्यवस्था गरिएको देखिन्छ भने संघीय संसदका प्रतिनिधीहरुलाई राष्ट्रिय कानून निर्माण गर्ने, आवस्यक कानूनहरु संसोधन गर्ने, राष्ट्रिय रुपमा देखिएका समस्याहरु समाधान गर्ने, राष्ट्रिय हित अनुकुलको बजेट निर्माण गर्ने लगाएतका कार्यहरु गर्नुपर्नेमा पालिका अध्यक्षको क्षेत्राधिकार भित्र पर्ने लगायतका कार्यहरु गर्ने उद्देश्यले बिनियोजन गरिएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेज गरी राज्यको ढुकुटी दुरुपयोग हुनबाट जोगाउन आवस्यक देखिएकोले सम्मानित अदालतको शरणमा आएका छौ ।

५. वि.स. २०५४ सालमा प्रति सांसद रु.पाँच लाख रुपैया बाट सांसद विकास कोष शुरु गरिएकोमा उक्त रकमलाई बढाउँदै सरकारले स्थानीय विकास साझेदार कार्यक्रमका नाममा साँसदहरु मार्फत वार्षिक १० अर्ब रुपैँयासम्म खर्च गर्दै आएको थियो । तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवड़ाले आ.व.२०७७/०७८ मा यस शिर्षकमा रु.६ अर्ब ६० करोड रुपैयाँ छुट्याएका थिए । आ.व. २०७६/०७७ मा भने रु.९ अर्ब ९० करोड विनियोजन गरिएको थियो । यो कार्यक्रम संघीयताको मर्म विपरित भएको, फरक भौगोलिक क्षेत्रलाई समान रुपले सबै भौगोलिक क्षेत्रमा समान बजेट बिनियोजन हुने गलत अभ्यास रहेको, फरक जनसंख्या रहेको निर्वाचन क्षेत्रमा समेत समान बजेट बिनियोजन गरेको, बजेट परिचालनको कार्यविधि नभएको, साथै बजेटको दुरुपयोग भएको आलोचना पछि तत्कालिन अर्थमन्त्री बिष्णु पौडेलले सन्तुलित विकासको दृष्टिकोणले राष्ट्रिय हित अनुकुल नदेखिएको भन्दै आर्थिक वर्ष २०७८/०७९ को बजेट मार्फत खारेज गरेका थिए । व्यवहारिक रुपमा असफल भईसकेको तथा सरोकारवाला सबै पक्षको असहमति रहेको कार्यक्रम सरकारले कुन अभिष्ट पुरा गर्ने उद्देश्यका साथ कस्को लागि ल्याएको हो ? यसबाटै सरकारको निहित स्वार्थ प्रष्ट रुपमै देखिएको छ ।

६. नेपालको संबिधान २०७२ को धारा ५१ को (च) बिकास सम्बन्धी नीतिको २ नम्बरमा विकासका दृष्टिले पछाडी परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकुल, गुणस्तरीय तथा दीगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने भन्ने नीतिको विपरित सबै निर्वाचन क्षेत्रलाई एकै ठानेर प्रति सांसद रु.५ करोड बजेट दामासाहीले बाँड्नु भनेको संविधानको विकास नीतिको बिरोधी कार्य हो । नेपालको संघीय सांसदको प्रतिनिधित्व हुने क्षेत्रहरु सबै एकै प्रकारको नभई विकासको दृष्टिले, भौगोलिक विकटताको हिसावले, जनसांख्यिकीय अनुपात समेतले फरक फरक छ । जस्तो कि काठमाण्डौ क्षेत्र नं. १ पनि एउटा निर्वाचन क्षेत्र हो भने डोल्पा, मुगु, कालिकोट, जुम्ला जस्ता सिङ्गै जिल्लाहरु पनि एक एक निर्वाचन क्षेत्र हो । तसर्थ यसरी प्रति निर्वाचन क्षेत्र दामासाहीको हिसावले बाँडिएको बराबर बजेटले पिछडिएको क्षेत्र, विकासका पूर्वाधारको हिसाबले पछाडी परेको क्षेत्रको सन्तुलित विकास हुनै नसक्ने हुँदा संविधानको उल्लेखित प्रावधानसँग बाझिएको कारणले समेत संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेज गरी पाउँ ।

७. बजेट निर्माणको प्रक्रिया तथा बजेट निर्माणको विश्वव्यापी मान्यता भनेको पहिला आवश्यकता पहिचान गरी कार्यक्रम तय गर्ने र छनौट भएका कार्यक्रमको लागि आवश्यक पर्ने रकम उक्त कार्यक्रमको शिर्षकगत रुपमा पारदर्शी हिसाबले यो

कार्यक्रमको लागि यति यति रकम विनियोजन गरेको छु भनी संघीय संसद मार्फत सम्पूर्ण नागरिकले थाहा पाउने गरी बजेट प्रस्तुत हुनुपर्ने हो तर यस संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत छुट्टयाइएको भनिएको प्रति सांसद रु.५ करोड बजेट त के कुन कार्यक्रमको लागि उक्त रकम के कसरी खर्च गर्ने ? कुन कार्यक्रमको लागि कति रकम खर्च हुन्छ भन्ने किसिमको कुनै कार्यक्रम छनौट नै नगरी पहिले नै प्रति सांसद रु. ५/५ करोड बाँड्नु भनेको बजेट निर्माणको विश्वव्यापी मान्यता र अर्थशास्त्रीय सिद्धान्त विरुद्ध पनि रहेकोले मितिः२०८०/०२/१५ गते संघिय संसदमा प्रस्तुत भई मितिः२०८०/०३/१३ गते संघिय संसद वाट पारित भई मितिः२०८०/०३/३१ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल बाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको आ.व. २०८०/०८१ को बजेटमा समावेश संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेज गरी पाउँ ।

८. जनताबाट अस्वीकृत भएको र अधिकांश इमान्दार सांसदहरुबाट बिरोध भएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम यस आर्थिक वर्षको वजेटमा समावेस गरिए पश्चात सामाजिक संजाल तथा आम संचार माध्यम मार्फत निकै ठूलो बिरोध भएको छ । काठमाडौ महानगरका मेयर बालेन साहले सामाजिक संजाल मार्फत सांसद विकास कोष पाउनु भएपछि बल्ल सांसदहरु वडा अध्यक्षको लेवलमा आउनु भयो । वडा अध्यक्षकै काम गर्न मन भए किन सांसद बन्नुहुन्छ माननीयज्यूहरु ? भनी व्यङ्ग्य गर्नु भएको छ । १६, जेठ २०८० मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पार्टीको संसदीय दलको बैठकमा सांसद विकास कोष हाम्रो योजना होईन, तर बाध्यता भयो भनी आफ्नो आधिकारिक धारणा राख्नु भएको थियो । यसको बिरोधमा राष्ट्रिय स्वतन्त्र पार्टीले आधिकारिक रुपमा बिज्ञप्ती जारी गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले सामाजिक संजाल मार्फत यसलाई जनस्तरबाट रोक्न आव्हान समेत गर्नु भएको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाही लगायतका अधिकांश सांसदहरुले चर्को बिरोध गरेका छन । अधिकांश सरोकारवाला सांसदहरु यसको बिरोधमा रहँदा रहँदै जनता वाट अस्वीकृत भएको कार्यक्रम सीमित सांसदको व्यक्तिगत हितको लागि बजेटमा समावेस गरिनु संविधान, कानून र जनताको हित बिपरितको कार्य रहेकोले उक्त संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम उत्प्रेषणको आदेशले बदर गरी कार्यान्वयण नगर्नु नगराउनु भनी परमादेशको आदेश जारी गरीपाउँ ।

CamScanner

९. **मागदावीः-**

क. संसद विकास कोष संघीयताको मर्म विपरित हुनुको साथै बजेटको दुरुपयोग भएको आलोचना पछि तत्कालिन अर्थमन्त्री बिष्णु पौडेलले सन्तुलित विकासको दृष्टिकोणले राष्ट्रिय हित अनुकुल नदेखिएको भन्दै आर्थिक वर्ष २०७८/०७९ को बजेट मार्फत खारेज गरेकोमा त्यसको नाम परिवर्तन गरी आ.व.२०८०/०८१ को बजेट वक्तव्य मितिः२०८०/०२/१५ गते संघीय संसदमा प्रस्तुत भई मितिः२०८०/०३/१३ गते संघिय संसद वाट पारित भई मितिः२०८०/०३/३१ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल बाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको बजेटको बुदा नं.४४५ मा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको नाममा प्रति सांसद रु.५ करोडका दरले ८ अर्व २५ करोड रुपैया बिनियोजन गरेकोले जनहित बिपरितको उक्त कार्यक्रम उत्प्रेषणको आदेशले बदर गरी कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीको नाउमा संविधानको धारा १३३(२)(३) बमोजिम परमादेशको आदेश जारी गरीपाँउ ।

ख. यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी हेरी पाउँ ।

ग. अतः माथि उल्लिखित आधार कारणहरुको आधारमा के भन्न सकिन्छ भने देशको ढुकुटी ईतिहसमै सबैभन्दा कमजोर अवस्थामा रहेको छ । यस आर्थिक वर्षको बजेट भाषणमा बजेटमा खर्चको ब्यवस्था गरिएको छ, तर आम्दानीको श्रोत विश्वसनीय र सुनिश्चित गरेको देखिँदैन । कर्मचारीको तलव तथा दैनिक प्रशासनिक कामको लागि समेत राज्यसँग पर्याप्त रकम छैन । सांसद विकास कोषको रकम सदुपयोग हुन नसकेको भनी पटक पटक संसदीय समितिले बिगतमै औल्याई सकेका छन । निकै विवादित मानिएको सांसद विकास कोष संघीयताको मर्म विपरित हुनुको साथै बजेटको दुरुपयोग भएको आलोचना पछि तत्कालिन अर्थमन्त्री बिष्णु पौडेलले सन्तुलित विकासको दृष्टिकोणले राष्ट्रिय हित अनुकुल नदेखिएको भन्दै आर्थिक वर्ष २०७८/०७९ को बजेट मार्फत सांसद विकास कोष खारेज गरेकोमा त्यसको नाम परिवर्तन गरी संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको नाममा प्रति सांसद रु.५ करोडका दरले देशलाई रु. ८ अर्व २५ करोड रुपैँया ब्ययभार हुने गरी यस वर्षको बजेटमा रकम बिनियोजन गरेकोले जनहित बिपरितको बहुसंख्यक सांसद र जनताबाट तिरस्कृत उक्त संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च

अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीको नाममा सुविधा सन्तुलनको रोहमा अन्तरिम आदेश समेत जारी गरिपाउँ ।

१०. सर्वोच्च अदालत नियमावली, २०७४ बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

११. हामी निवेदकहरु कानून व्यवसायी स्वयं तथा हामी निवेदकको तर्फवाट उपस्थित भई बहस पैरवी गर्ने तथा पेश गर्ने कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानी पाउँ ।

१२. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम समानान्तर अधिकार क्षेत्र प्रयोग गरी उपचार माग गरेका छैनौ ।

१३. प्रमाणः

क) निवेदकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान- ४ ।

ख) निवेदक कानून व्यवसायीको परिचय पत्रको प्रतिलिपि थान- २ ।

१४. लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वारेस श्याम बहादुर ढकाल

इति सम्वत २०८० साल साउन महिना १ गते रोज २ शुभम् .................................।